संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)

**बैठक संख्या- ५३**

मिति २०७७/१२/२२

## निर्णयहरु

१. नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनबाट उपलब्ध गराइएको विद्युतको बक्यौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिले समितिमा पेश गरेको अध्ययन प्रतिवेदन, २०७६ माथि छलफल गरी उक्त प्रतिवेदनले सुझाएका सुझावहरुका आधारमा निम्न निर्देशनहरु दिने निर्णय गरियो:

क. नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड लाइनको हकमा प्राधिकरण सञ्चालक समितिले २०७२/३/१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महशुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले डेडिकेटेड लाइनसरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोही बमोजिम विद्युत नियमावलीमा उल्लेख भएका बिल बिजक, छुट बील जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी गराई एक महिनाभित्र समितिलाई जानकारी गराउन प्राधिकरण संचालक समितिलाई निर्देशन दिने,

ख. विद्युत प्राधिकरणको डेडिकेटेड/ट्रंक लाइनबाट विद्युत लिई समयमै महशुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई विद्युत वितरण नियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ अनुरुप हालसम्म कुनै कारबाही गरेको नदेखिएको हुँदा आवश्यक कारबाही गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने,

ग. छुट विल जारी भएपछि ३५ दिनभित्र सम्बन्धित ग्राहकले उक्त महशुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ्ग भएको ६० दिनभित्र ग्राहकले विद्युत महशुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी वक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएको हुँदाहुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो को कार्यान्वयन एक महिनाभित्र गर्न गराउन, क्षतिपूर्ति नतिरी विद्युत लाइन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने,

घ. मिति २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले दिएको लोडसेडिङ्ग ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहकको सरह महशुल दर कायम गर्ने निर्णय

कार्यान्वयन नगरी राजश्व सम्बन्धी गम्भीर लापरवाही गरेको देखिएकोले सोसँग सम्बन्धित पदाधिकारीलाई आवश्यक छानविन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

ङ. विद्युत महशुल संकलन कार्यलाई व्यवस्थित गराउन गर्नुपर्ने कार्यहरूमा नियमित रूपमा हुनुपर्ने विलिङ्ग गर्ने, महशुल संकलन विनियमावली २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित राख्ने, छुट बिल जारी गर्दा प्रक्रिया पुऱ्याउने, डाटा डाउनलोड गरी हार्ड कपि सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको TOD मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने ।

च. नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महशुल निर्धारण गर्ने, विश्लेषण गर्ने, बील बिजक जारी गर्ने, महशुल उठाउने जस्ता कार्यहरू समयमै नहुँदा महशुल बुझाउनु पर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महशुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार नदेखिएकोले यसका लागि थप छानविन गर्न प्राधिकरण सञ्चालक समितिलाई निर्देशन दिने,

छ. लोडसेडिङ्ग अन्त्य भएको लामो समय व्यतित भै सकेको अवस्थामा विद्युत महशुल दरमा पुनरावलोकन गर्नुपर्ने स्थिति आएको कुरालाई मध्यनजर गर्दा नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित विद्युत महसुल दरको पुनरावलोकन सम्बन्धी प्रस्ताव उपर आवश्यक प्रक्रिया पूरा गरी अबिलम्व निष्कर्षमा पुगी कार्यान्वयनमा ल्याउन र समितिलाई जानकारी दिन विद्युत नियमन आयोगलाई निर्देशन दिने,

ज. डेडिकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति हुने र आर्थिक दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

२. सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७७ समितिको बैठकमा पेश गरी समितिबाट अनुमोदन गरियो ।

३. महालेखापरीक्षकको पचपन्नौं र छपन्नौं वार्षिक प्रतिवेदनमा औंल्याइएको कालीगण्डकी कोरिडोर आयोजना लगायतको बेरुजुको सम्बन्धमा विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न मा. पुष्पा कुमारी कर्ण कायस्तको संयोजकत्वमा ८ (आठ) सदस्यीय उपसमिति गठन गरियो:

| | |
|---|---|
| मा. पुष्पा कुमारी कर्ण कायस्त | - संयोजक |
| मा. चन्दा चौधरी | - सदस्य |
| मा. पार्वता डि.सी. (चौधरी) | - सदस्य |
| मा. प्रदिप यादव | - सदस्य |
| मा. पार्वती कुमारी विशुन्के | - सदस्य |
| मा. मिना सुब्बा | - सदस्य |
| मा. मैनाकुमारी भण्डारी | - सदस्य |
| मा. बिनादेवी बुढाथोकी | - सदस्य |

**कार्यक्षेत्र र शर्तहरुः**

(क) गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुसँग बेरुजु फछ्र्यौट सम्बन्धमा अन्तर्क्रिया गर्ने

(ख) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा बागलुङ्, पर्वत, म्याग्दी र मुस्ताङ् जिल्लामा सञ्चालित विभिन्न आयोजना/परियोजनाहरुमा औंल्याइएका बेरुजुका सम्बन्धमा सम्बन्धित पदाधिकारी तथा सरोकारवालाहरुसंग छलफल, अर्न्तक्रिया र स्थलगत अवलोकन गर्ने,

(ग) कालीगण्डकी कोरिडोरको निर्माण समयमै सम्पन्न नभई लागत र समय बढी लागेको, बेरुजु बढ्दै गएको सम्बन्धमा सम्बन्धित सरोकारवाला पदाधिकारीसंग अर्न्तक्रिया, छलफल र स्थलगत अवलोकन भ्रमण गर्ने,

(घ) सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि अनुसार कामकारवाही गर्ने,

(ङ) उपसमितिले कार्य प्रारम्भ गरेको मितिले एक महिना (३० दिन) भित्र समितिमा प्रतिवेदन पेश गर्ने ।